पञ्चकन्या गाउँपालिका

स्थानीय राजपत्र

पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

खण्डः १०) पञ्चकन्या, भदौ महिना ०८ गते, २०८३ साल (संख्याः ४

भाग–२

बाल विकास सहजकर्ता,विद्यालय सहायक (लेखापाल), विद्यालय सहयोगीहरुलाई गाउँपालिकाबाट थप तलव भत्ता प्रदान गर्न तथा गाउँपालिकाबाट थप गरिएको स्वयंसेवक शिक्षक, बाल विकास सहजकर्ता र विद्यालय भान्छेलाई पारिश्रमिक प्रदान गर्ने सम्बन्धि मापदण्ड, २०८३

प्रस्तावना

यस गाउँपालिकाभित्र सञ्चालित विद्यालयहरुमा नेपाल सरकारबाट प्राप्त हुने न्युन पारिश्रमिकमा कार्यरत बाल विकास सहजकर्ता,विद्यालय सहायक (लेखापाल), विद्यालय सहयोगीहरुलाई गाउँपालिकाबाट थप तलव भत्ता प्रदान गर्न तथा गाउँपालिकाबाट थप गरिएको स्वयंसेवक शिक्षक, बाल विकास सहजकर्ता र विद्यालय भान्छेलाई पारिश्रमिक प्रदान गर्न आवश्यक बजेट बिनियोजन भएको छ। उक्त शिक्षक/कर्मचारीको आर्थिक वर्ष २०८३/८४ मा मासिक पारिश्रमिक बितरण तथा व्यवस्थापन गर्न गाउँपालिकाको शिक्षा ऐन,२०८१ को दफा ४७ को उपदफा १(ध) को व्यवस्था बमोजिम यो मापदण्ड तय गरिएको छ।

१. <u>क्षेत्र र प्रारम्भः</u>

क) यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भई आ.व. २०८३/८४ को लागि लागु हुनेछ।

ख) यो मापदण्ड पञ्चकन्या गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा लागु हुनेछ।

२. मासिक पारिश्रमिक दर

क्र.स.	पद	नेपाल सरकारबाट प्राप्त हुने पारिश्रमिक	गाउँपालिकाबाट थप गरिने पारिश्रमिक	जम्मा तलव	बजेट स्रोत/शिर्षक	कैफियत
१.	विद्यालय सहायक (लेखापाल	१५०००	५३५०	२०३५०	बाल विकासका शिक्षक तथा विद्यालय कर्मचारीको गाउँपालिकाले थप गर्ने सेवा सुविधा	मासिक पारिश्रमिक बराबरको चाडपर्व खर्च वर्षको एक पटक प्रदान गर्ने।
२.	बाल विकास सहजकर्ता	१२०००	५६००	१७६००		
३.	विद्यालय सहयोगी	१००००	४३००	१४३००		
४.	स्वयंसेवक शिक्षक मा.वि	०	३१९००	३१९००	स्वयम् सेवक शिक्षक/ कर्मचारीको पारिश्रमिक व्यवस्थापन	
५.	स्वयंसेवक शिक्षक नि.मा.वि	०	२२०००	२२०००		
६.	स्वयंसेवक शिक्षक प्रा.वि (वि. स. २०७९ अघि नियुक्त भएका)	०	१८७००	१८७००		
७.	स्वयंसेवक शिक्षक प्रा.वि (वि. स. २०७९ देखि नियुक्त भएका)	०	१६५००	१६५००		
८.	विद्यालय भान्छे	०	१३२००	१३२००		

३. पारिश्रमिक निकासा र भुक्तानी प्रक्रिया

क. विद्यालयको मागफाराम र प्रमाणित हाजिरी विवरणको आधारमा गाउँपालिकाले सम्बन्धित शिक्षकको बैङ्क खातामा मासिक निकासा गर्नेछ।

४. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः

५. गाउँ कार्यपालिकाको निर्णयअनुसार गाउँपालिका कार्यालयले सम्बन्धित शिक्षक/कर्मचारीसंग कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ।

६. बचाउ र खारेजीः

बाल विकास सहजकर्ता,विद्यालय सहायक (लेखापाल), विद्यालय सहयोगीहरुलाई गाउँपालिकाबाट थप तलव भत्ता प्रदान गर्न तथा गाउँपालिकाबाट थप गरिएको स्वयंसेवक शिक्षक, बाल विकास सहजकर्ता र विद्यालय भान्छेलाई पारिश्रमिक प्रदान गर्ने सम्बन्धि मापदण्ड,२०८२ खारेज गरिएको छ। सो मापदण्ड बमोजिम भएगरेका कार्य यसै मापदण्डबमोजिम भएको मानिनेछ।

आज्ञाले

हिराधन राई

प्रमुख प्रशासकीय अधिकृत